राष्ट्रिय समाचार समिति
National News Agency
Central Office

प.नं. ६२।०७८।७९

मिति: २०७८।१०।११

श्री सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
प्रेस तथा सूचना समन्वय शाखा
**सिंहदरबार, काठमाडौं ।**

विषय : **स्वतः प्रकाशन व्यवस्था सम्बन्धमा ।**

उपर्युक्त सम्बन्धमा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५(३) र सोको नियमावलीको नियम (३) बमोजिम सार्वजनिक निकायहरूले सम्पादन गरेका कार्यहरूको प्रगति विवरण प्रत्येक तीन/तीन महिनामा अद्यावधिक गरी स्वतः प्रकाशन गर्नुपर्ने व्यवस्था भए अनुसार यस समितिमा मिति २०७८ साल कात्तिक, मङ्सिर र पुष महिनामा देहायबमोजिमको कार्यसम्पादन भएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

(उत्तम सिल्वाल)
कार्यकारी व्यवस्थापक
सूचना अधिकारी

Tele: 4262736, 4262724, 4262628, 4262550, 4262539 P.O. Box : 220, Singhadurbar Plaza, Kathmandu, Nepal
Web: rssnepal.org.np, E-mail: rssmail@rss.com.np, rssrssadm@gmail.com

## १. समाचार, फोटो तथा अडियो सामग्री सम्प्रेषण विवरण सम्बन्धमा

| क्र.सं. | महिना | नेपाली समाचार | अंग्रेजी समाचार | अन्तर्राष्ट्रिय समाचार | फोटो | अडियो | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | कात्तिक | २४६१ | ८२२ | ३३७ | १८०० | ७५ | |
| २ | मङ्सिर | २५७० | ८१६ | ३७१ | २०३० | ६६ | |
| ३ | पुस | २६४९ | ८२३ | ४३५ | १९५० | ५० | |
| | जम्मा | ७६८० | २४६१ | ११४३ | ५७८० | १९१ | |

## २. खोजमूलक समाचार र फोटो सङ्कलनलाई प्राथमिकता दिएको सम्बन्धमा

विशेषगरी खोजमूलक र आलेख समाचार सङ्कलन कार्यलाई प्राथमिकता दिई सोहीअनुसार समाचार सङ्कलनका लागि स्थानीय समाचारदातालाई समेत ताकेता गरेपछि यस अवधिमा आलेख र खोजमूलक समाचार वृद्धि भएको । फोटो समाचार सेवा प्रभावकारी भएको, राससका अधिकांश समाचार र फोटो विशेषगरी अनलाइन समाचार माध्यमले अत्यधिक प्रयोग गरको । छापा तथा विद्युतीय सञ्चारमाध्यममा पनि यसअघि जस्तै राससको प्रभाव देखिएको ।

## ३. भिडियो सेवा सञ्चालन गर्ने सम्बन्धमा

राससको समाचार सेवालाई विविधीकरण एवम् व्यावसायिकीकरण गर्ने क्रममा रासस केन्द्रीय कार्यालयमा निर्माण भएको आधुनिक स्टुडियोबाट भिडियो सेवा सञ्चालन गर्ने कार्यक्रम अघि बढेको, भिडियो सेवा सञ्चालनार्थ आवश्यक जनशक्ति आउटसोर्सिङ विधिबाट व्यवस्था गर्ने निर्णयसहित शिलबन्दी बोलपत्र आह्वान भएको, राससको हीरक महोत्सव समापन तथा ६१औं वार्षिकोत्सवको विशेष उपलक्ष्यमा २०७८ साल फागुन ७ गते भिडियो सेवा शुभारम्भ गर्ने कार्यक्रम रहेको । केन्द्रीय कार्यालयमा व्यावसायिक स्टुडियो निर्माण भइसकेकाले अब अडियो सेवासमेत प्रभावकारी हुने भएको ।

## ४. भौतिक सम्पत्तिको संरक्षण एवम् संवर्द्धन सम्बन्धमा

राससको स्वामित्वमा झापाको काँकडभिट्टामा रहेको व्यावसायिक सटर, कवलको भाडादर अद्यावदिक गर्ने क्रममा बोलपत्र आह्वान भएको, रासस भद्रपुर कार्यालयको भवन मर्मतसम्भारसहित वर्षा महिनामा सदैव डुवानमा पर्ने कार्यालयअघिको भाग पुर्नका लागि व्यवसायीसँग सम्झौता भएको, पोखरास्थित रासस गण्डकी प्रदेश कार्यालय भवन निर्माणका लागि डिपिआर तयार भएको, नयाँ भवन निर्माण

नहुँदासम्म कार्यालय सञ्चालनका लागि आवश्यक ट्रष्ट निर्माणको काम शुरु भएको, यसैगरी रासस गण्डकी कार्यालय परिसरमा रहेको सटर, कवल मर्मतसम्भार तथा रङरोगन गर्न सम्झौता भएको, रासस मधेश प्रदेश कार्यालय, जनकपुर र रासस कार्यालय वीरगन्जको जीर्ण भवन निर्माण प्रक्रिया अघि बढेको । सुदूरपश्चिम प्रदेश सरकारको सहयोगमा कञ्चनपुर जिल्लाको सदरमुकाम भीमदत्तनगरमा नयाँ कार्यालय भवन निर्माण कार्य भइरहेको । रासस केन्द्रीय कार्यालयमा निर्माणाधीन प्रशासनिक भवनको मर्मतसम्भार कार्य अन्तिम चरणमा पुगेको । केन्द्रीय कार्यालयस्थित समाचार ब्लकमा पर्दा राख्ने काम भएको, नयाँ टेवल, कुर्ची तथा कार्पेट राख्न भने बाँकी रहेको ।

**५. एकीकृत समाचार सफ्टवेयर सञ्चालन सम्बन्धमा**

राससका विभागीय प्रमुख तथा समाचार सेवासँग प्रत्यक्षरूपमा सम्बन्धित समाचारदाता, सम्पादक, कम्प्युटर अपरेटर र प्राविधिकहरू समेतको रायसुझाव लिई तयार गर्न लागिएको सफ्टवेयर निर्माणको काम पूरा भई हाल परीक्षणकालीन चरणमा रहेको, कोरोना भाइरस (कोभिड-१९) सङ्क्रमणका कारण सम्झौताअनुसार तालिमको व्यवस्था गर्न नसक्दा सेवा प्रवाहमा केही ढिलाइ भएको, कम्प्युटर सफ्टवेयर सञ्चालनका लागि आवश्यक सर्भर खरिदका लागि सम्झौता भएको ।

**६. जनशक्ति व्यवस्थापन सम्बन्धमा**

सार्वजनिक निकायको नियमित परीक्षा सञ्चालन गरेवापत लोक सेवा आयोगले नियमानुसार केही शुल्क लिन व्यवस्था भएकोमा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको सहयोगमा प्राप्त रु. १९ लाख लोक सेवा आयोगलाई भुक्तानी दिएको, यसरी लोक सेवा आयोगको मागबमोजिमको रकम व्यवस्था भएसँगै स्थायी जनशक्ति नियुक्ति प्रक्रियाअन्तर्गत विज्ञापन नं. ११/२०७७/७८ देखि २१/२०७७/७८ सम्मका बाँकी परीक्षा हुने भएको तर कोरोना भाइरस (कोभिड-१९) का कारण यही माघ महिनासम्मका लागि लोक सेवा आयोगले परीक्षा प्रक्रिया स्थागित गरेकाले स्थिति अनुकूल भएपछि बाँकी परीक्षा सञ्चालन भई स्थायी जनशक्ति व्यवस्था हुने भएको ।

**७. आर्थिक रूपमा मितव्ययी भई कार्यसम्पादन गरेको सम्बन्धमा**

उपलब्ध स्रोतसाधनको अधिकतम सदुपयोग गर्दै यथाशक्य आर्थिकरूपमा मितव्ययी बन्ने कामलाई निरन्तरता दिएको ।